# इकाईद्वारा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

मिति २०८२ मंसीर २५ गते, बिहीबारका दिन वित्तीय जानकारी इकाईले आ.व. २०८२/८३ को दोस्रो त्रयमासको ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा चारवटा प्रस्तुतीहरु भएका थिए । कार्यक्रमको सुरुआतमा इकाईका उपनिर्देशक सचिन राज पियाले इकाईको कार्य समिक्षा र भावी कार्यदिशावारे प्रस्तुती दिनुभएको थियो भने इकाईका सहायक निर्देशकद्धय सपना खत्री र किशोर महराले Virtual Assets बारे अन्तराष्ट्रिय तालिममा सिकेका सिकाईहरु प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा अन्तिम प्रस्तुती प्रधान सहायकद्धय विवेश पोखेल र जनम थापाले गो.एम.एल. सिस्टममा रहेका विविध विशेषताबारे अवगत गराउनुभएको थियो । कार्यक्रमको अध्यक्षता इकाईका निर्देशक/प्रमुख वासुदेव भट्टराईले गर्नुभएको सो कार्यक्रममा, इकाईका उपनिर्देशक केशवप्रसाद रिमालले १० औं गो.एम.एल. प्रयोगकर्ताहरुको अन्तराष्ट्रिय बैठकमा भएका छलफलका विषयवस्तु तथा गो.एम.एल. ५.६ भर्सनमा रहेका विशेषताबारे जानकारी गराउनुभएको थियो । कार्यक्रमको सञ्चालन इकाईका उपनिर्देशक विष्णुप्रसाद गुरागाईंले गर्नुभएको सो कार्यक्रममा इकाईका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा सहभागि कर्मचारीहरुले प्रस्तुती उपर जिज्ञासा राख्दै छलफलमा भाग लिनुभएको थियो । कार्यक्रममा आगामी दिनमा बैंकबाट प्राप्त हुने प्रतिवेदन थप गुणात्मक हुनुपर्ने तर गैर वित्तीय पेशाकर्मी तथा व्यवसायीहरुबाट संख्यात्मक वृद्धी हुनुपर्ने बारे राय व्यक्त भएको थियो । त्यस्तै नेपालमा अनलाइन माध्यमबाट हुने ठगी बढ्दै गएको र त्यसको प्रयोग Virtual Assets खरिद गर्नेसम्म देखिएकोले, Virtual Assets को प्रकार, सञ्चालन प्रक्रिया, Virtual Assets सम्बन्धी ठगीका प्रकृति, अन्य देशहरुले Virtual Assets मार्फत भएका/हुने ठगी कार्यमा अपनाएका समाधानका उपाय, Virtual Assets मार्फत् हुने ठगी कार्यमा अनुसन्धान गर्ने मुख्य मुख्य मुलुक र ती मुलुकले अपनाएका अनुसन्धान कार्य र नेपालले यस सम्बन्धमा खेल्नुपर्ने भुमिकाबारे समेत छलफल भयो ।



कार्यक्रमको अन्त्यमा इकाई प्रमुख वासुदेव भट्टराईले शंकास्पद कारोबार/गतिविधि प्रतिवेदनको गुणस्तर वृद्धी हुँदै गइरहेको र विश्लेषणको प्रयोग समेत अनुसन्धानकारी निकायहरुले बढाउँदै लगेको पाइएकोले इकाइले सञ्चालनमा ल्याएको गो.एम.एल. प्रणालीको प्रयोग बढाउदै इकाईका काम कारबाही थप प्रभावकारी तथा गुणस्तरीय बनाउनुपर्नेमा जोड



दिनुभयो । इकाई प्रमुख भट्टराईले इकाईको प्रमुख काम विश्लेषण भएकाले सबै विश्लेषकहरुलाई इकाईका विश्लेषण कार्यलाई द्रुत रुपमा अघि बढाउन समेत आग्रह गर्नुभयो । उहाँले इकाईका कर्मचारीहरुको क्षमता अभिवृद्धी समयसापेक्ष हुनुपर्नेमा सजक रहेको जनाउँदै इकाईबाट सो सम्बन्धमा आवश्यक पहल हुने र सबै कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न निर्देशन दिदै कार्यक्रम समापन गर्नुभयो ।